नेपाल सरकार
अर्थ मन्त्रालय
महालेखा नियन्त्रक कार्यालय
Financial Comptroller General Office
(अन्तर सरकारी वित्त समन्वय शाखा)

पत्र संख्या: २०७७/७८
चलानी नं.: ३८४

मितिः२०७८/०३/२७

श्री स्थानीय तह (सबै)

विषय: आ.व. २०७८/०७९ को बजेट सम्बन्धमा।

प्रस्तुत विषयमा श्री अर्थ मन्त्रालयको पत्र संख्या २०७७/७८, च.नं. ११७, मिति २०७८/०३/२३ को पत्रानुसार नेपालको संविधानको धारा (५९) को उपधारा (३) मा स्थानीय तहले बजेट पेश गर्ने समय सङ्घीय कानून बमोजिम हुनेछ भन्ने व्यवस्था रहेको, अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा २१ को उपदफा (३) अनुसार गाउँ कार्यपालिका र नगर कार्यपालिकाले प्रत्येक वर्ष असार महिनाको १० गते भित्र आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान सम्बन्धित गाउँ सभा वा नगरसभामा पेश गर्नु पर्नेछ भन्ने व्यवस्था रहेको र सोही ऐनको दफा २७ अनुसार स्थानीय तहले सञ्चित कोष माथि व्ययभार हुने रकम बाहेकका अन्य रकम आफ्नो बजेटमा व्यवस्था गरी सम्बन्धित सभाबाट बजेट स्वीकृत भएपछि मात्र खर्च गर्नु पर्ने व्यवस्था रहेको छ। त्यसैगरी स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ ले पनि स्थानीय तहको आगामी आर्थिक वर्षको राजस्व र व्यय (बजेट) को अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र सभामा पेश गर्नु पर्ने र असार मसान्तभित्र पारित गरिसक्नु पर्ने व्यवस्था गरेको छ।

उपरोक्त संवैधानिक एंव कानूनी व्यवस्था बमोजिम अधिकांश स्थानीय तहले असार १० गते भित्रै सभामा आय-व्ययको विवरण पेश गरेको र कतिपयले सभाबाट स्वीकृत गरिसकेको अवस्था समेत छ। तर कतिपय स्थानीय तहले हालसम्म पनि गाउँ सभा वा नगर सभामा आय-व्ययको विवरण (बजेट) पेश नगरेको जानकारी प्राप्त हुन आएको सन्दर्भमा संविधान तथा कानून बमोजिम सबै स्थानीय तहहरुले आ-आफ्नो सभामा आय-व्ययको अनुमानित विवरण (बजेट) पेश गरी सभाबाट स्वीकृत गराएर मात्र खर्च गर्नु गराउनु हुन र तत् सम्बन्धी विवरण स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (SuTRA) मा यथाशीघ्र प्रविष्ट गर्नु हुन भनि श्री अर्थ मन्त्रालय (वित्तीय सङ्घीयता समन्वय महाशाखा) को पत्रानुसार स्थानीय तहहरुमा आवश्यक सहजीकरणको लागि लेखि आएको हुँदा आवश्यक कार्यार्थ पठाइएको व्यहोरा निर्णयानुसार अनुरोध छ।

(शारदा पन्थी)
(लेखा अधिकृत)

**बोधार्थ:**

श्री अर्थ मन्त्रालय (वित्तीय सङ्घीयता समन्वय महाशाखा), सिंहदरबार, काठमाण्डौं।

श्री सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरबार, काठमाण्डौं।